नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्युरो

बबरमहल,काठमाण्डौ

## प्रेस विज्ञप्ति-५३

## "झुक्यानमा पारी बेचबिखन गर्ने उद्देश्यले बालिकालाई भारत लैजान खोज्ने अभियुक्तहरु पुर्पक्षका लागि कारागार चलान"



सम्बर बहादुर तामाङ
जि. नुवाकोट दुप्चेश्वर गा.पा. -०६



इन्दिरा कटुवाल (तामाङ)
जि. नुवाकोट तादी गा.पा. -०२



डिल्ली बहादुर तामाङ
जि. नुवाकोट तादी गा.पा. -०२

**जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (३०९)** लाई परिवारको कमजोर आर्थिक अवस्थाको फाइदा उठाई पोखराको होटलमा वेट्रेसको काममा लगाइदिने भनि प्रलोभन तथा झुक्यानमा पारी भारतमा लगि बेचबिखन गर्ने र वेश्यावृत्तिमा लगाउने उदेश्यले काठमाण्डौबाट मकवानपुर हुदैं भारत तर्फ लैजान पीडित बस्दै आएको जिल्ला काठमाण्डौ तारकेश्वर न.पा. वडा नं. ७ फुटुङस्थितबाट जिल्ला ललितपुर ललितपुर म.न.पा. वडा नं. २७ सुनाकोठी पुर्याएको भन्ने गोप्य सूचनाको आधारमा मानब बेचबिखन अनुसन्धान ब्यूरो र प्रहरी बृत्त चापागाउँसँगको समन्वयमा खोजतलास गर्ने क्रममा मिति २०८१/०२/२६ गते जिल्ला ललितपुर ललितपुर म.न.पा. वडा नं. २७ सुनाकोठीमा निज अभियुक्तहरुले पीडित बालिकालाई लैजादै गरेको अवस्थामा फेला पारी उद्दार गरिएको र उक्त कार्यमा संलग्न अभियुक्तहरु मध्ये सम्बर बहादुर तामाङलाई सोही स्थानबाट पक्राउ गर्नुका साथै उक्त घटनामा संलग्न इन्दिरा कटुवाल (तामाङ) लाई मिति २०८१/०२/२७ गते जिल्ला काठमाण्डौ टोखा न.पा. वडा नं.२ स्थितबाट र डिल्ली बहादुर तामाङलाई मिति २०८१/०३/०९ गते जिल्ला काठमाण्डौ का.म.पा वडा नं. ३२ कोटेश्वरबाट पक्राउ गरी सम्पुर्ण अनुसन्धान कार्य सम्पन्न गरी जिल्ला सरकारी वकिल कार्यालय काठमाण्डौ मार्फत काठमाण्डौ जिल्ला अदातलमा पेश गरीएकोमा काठमाण्डौ जिल्ला अदालतको मिति २०८१/०३/२३ गतेको थुनछेक आदेशले अभियुक्तहरु मध्ये **सम्बर बहादुर तामाङ र ईन्दिरा कटुवाल (तामाङ)** मुद्दा पुर्पक्षका लागि र **डिल्लि बहादुर तामाङलाई** दुई लाख धरौटी रकम बुझाउने आदेश भएकोमा निज धरौटी रकम बुझाउन नसकी कारागार कार्यालय जगन्नाथदेवल पठाईएको छ।

**मितिः २०८१/०३/२३ गते।**

**सूचना अधिकारी**
**(गौतम मिश्र)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बरः-९८५१२९२२०२**

Contact No:01-5339569, Hot Line:1177, Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np